



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १२९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ जेठ ९ गते आइतबार ❑ 23 May 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## प्रतिनिधिसभा विघटनविरुद्ध राजनीतिक र संवैधानिक प्रतिवाद गर्छौं: विपक्षी गठबन्धन

**रासस**
**काठमाडौं, ८ जेठ**

नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा(एमाले)को नेपाल समूह र जनता समाजवादी पार्टी नेपालको उपेन्द्र यादव समूहले प्रतिनिधिसभा विघटनविरुद्ध संवैधानिक र राजनीतिक प्रतिवाद गर्ने निर्णय गरेका छन्।

संघीय संसद् भवन नयाँ बानेश्वरमा आज बसेको ती राजनीतिक दलको संयुक्त बैठकले नयाँ सरकार गठन हुने अवस्था रहँदारहँदै असंवैधानिक तरिकाले प्रतिनिधिसभाको विघटन गरिएको जनाउँदै विपक्षीले संयुक्त रूपमा प्रतिवाद गर्ने निर्णय गरेको हुन्। बैठकपछि ती राजनीतिक दलले जारी गरेको संयुक्त प्रेस विज्ञप्तिमा प्रतिनिधिसभा रातारात विघटन गर्ने राष्ट्रपति र प्रधानमन्त्रीको कार्य असंवैधानिक, अलोकतान्त्रिक र स्वेच्छाचारी भएको जनाउँदै निन्दा गरिएको छ।" प्रतिनिधिसभा विघटनपछि मुलुकमा राजनीतिक अनिश्चय, अन्योल र अराजकता सिर्जना भएको जनाउँदै ती दलले एकताबद्ध भई राजनीतिक र कानूनी रूपमा प्रतिवाद गर्न आफूहरू प्रतिबद्ध रहेको बताएका छन्।

विज्ञप्तिमा भनिएको छ, "राष्ट्रपति र प्रधानमन्त्रीबाट प्रतिनिसभाको विघटन गर्ने प्रतिगमनकारी कार्यका विरुद्ध एकजुट भई नेपाली जनताको लामो आन्दोलन, संघर्ष र बलिदानबाट स्थापित नेपालको संविधानमा अन्तरनिहित संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशी लोकतन्त्र एवम् नेपालको सर्वोपरी राष्ट्रिय हितको रक्षाका लागि दृढतापूर्वक अगाडि बढ्न हामी सम्पूर्ण राजनीतिक दल तथा जनसमुदायमा हार्दिक आह्वान गर्दछौं।" नयाँ प्रधानमन्त्रीमा नियुक्तिका लागि आफूहरूका तर्फबाट प्रतिनिधिसभाका १४९ सदस्यको हस्ताक्षरसहित राष्ट्रपतिसमक्ष दावी गरिए पनि अस्वीकार गरिनु गलत भएको उनीहरूको ठहर छ।

जारी संयुक्त वक्तव्यमा कांग्रेसका सभापति शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', एमालेका नेता माधवकुमार नेपाल, जसपाका अध्यक्ष उपेन्द्र यादव र राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष दुर्गा पौडेलले हस्ताक्षर गरेका छन्।

बैठकपछि माओवादी केन्द्रका अध्यक्ष दाहालले राष्ट्रपति र प्रधानमन्त्रीको कदमविरुद्ध राजनीतिक, संवैधानिक प्रतिरोध गरिने बताए। उनले भने, "हामी हिजोका सबै १४९ जनाको हस्ताक्षर लिएर सर्वोच्च अदालतमा रिट निवेदन हाल्न जान्छौं र राजनीतिक रूपमा समेत प्रतिवाद गर्छौं।" उनले आगामी कात्तिक-मंसिरमा घोषणा गरिएको निर्वाचन वास्तविक रूपमा गराउनका लागि नभएको आरोप पनि लगाए।

## पोखरामा नेपाली काँग्रेसको विरोध प्रदर्शन

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ जेठ**




गण्डकी प्रदेशको राजधानी पोखरामा नेपाली कांग्रेसले विरोध प्रदर्शन गरेको छ।

प्रधानमन्त्री र राष्ट्रपतिको संसद विघटन र मध्यावधि चुनावको घोषणा गर्ने कदमलाई प्रतिगमन भन्दै कांग्रेसले विरोध प्रदर्शन गरेको हो।

नेपाली कांग्रेस पोखरा महानगरपालिका वडा नं. ६ को वडा कमिटीको आयोजनामा पोखराको हल्लनचोकमा विरोध प्रदर्शन भएको हो। उक्त अवसरमा नेपाली कांग्रेसका जिल्ला सदस्य लक्ष्मण पहारीले प्रधानमन्त्री केपी शर्मा ओली र राष्ट्रपति विद्यादेवी भण्डारी मिलेर प्रतिनिधिसभा विघटन र चुनाव घोषणाको असंवैधानिक र निरंकुश कदम चालेको आरोप लगाए। उनले सार्वभौम नेपाली जनताप्रति जवाफदेही विहीनताको पराकाष्ठाको रुपमा चिनिएको यो असंवैधानिक, अलोकतान्त्रिक र प्रतिगामी कार्यको कडा प्रतिवाद गर्ने र देशभर आन्दोलनमा होमिने चेतावनी दिए। प्रदर्शनमा सभापति बलराम गिरीले कोरोना भाइरसको विश्वब्यापी महामारीको दोश्रो लहरले पैदा गरेको जनस्वास्थ्य संकट र असह्य पीडासँग जुधिरहेको बेला त्यसबाट आम जनताको प्राण रक्षा गर्नुको सट्टा राजनैतिक संकट उत्पन्न गरेर जनतालाई प्रतिरोधको लागि सडकमा ओर्लिन बाध्य बनाइएको भन्दै कडा संघर्ष गर्ने चेतावनी दिए।

विरोध प्रदर्शनमा तरुण दलका जिल्ला सदस्य खिमलाल पहारी, तरुण दलका सचिव प्रकाश न्यौपाने, नेविसंघ नेताहरु गोविन्द नेपाली, नवराज सुनार, सुमन नेपाली, सविन तिमिल्सिना, अविनाश नेपाली, र महिला संघका मन्दरा ढकाल, प्रभा सुवेदी लगायत सहभागी थिए। कार्यक्रम संचालन सचिव शिशिर पहारीले गरेका थिए।

## आठ हजार ८४८ संक्रमितले कोरोना जिते, १२९ को मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ जेठ**

थप आठ हजार ९८० मा कोभिड-१९ सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा १९ हजार ३५७ को पिसिआर तथा ७४८ को एन्टिजेन परीक्षण गरिएकामा क्रमशः आठ हजार ५९१ र ३८९ मा सङ्क्रमण पुष्टि भएको हो। योसँगै देशभर सङ्क्रमितको कुल संख्या पाँच लाख पाँच हजार ६४३ पुगेको छ। हालसम्म २८ लाख ९७ हजार ५०३ को पिसिआर परीक्षण भएको मन्त्रालयले जनाएको छ।

पछिल्लो २४ घण्टामा आठ हजार ८४८ उपचारपछि निको भएर घर फर्किएका छन्। हालसम्म कोरोना जितेर घर फर्किनेको संख्या तीन लाख ८३ हजार ६८४ पुगेको छ। कारोना निको भएको दर ७५ दशमलव ८ प्रतिशत रहेको छ। यस्तै गत २४ घण्टामा थप १२९ जनाको मृत्यु भएसँगै कुल मृतकको संख्या ६ हजार १५३ पुगेको छ। आजसम्म मुलुकभर सक्रिय सङ्क्रमितको सङ्ख्या एक लाख नौ हजार ७४० रहेको छ।

मन्त्रालयले उपलब्ध गराएको विवरणमा हालसम्म २१ लाख १३ हजार ८० ले कोरोना बिरुद्धको पहिलो मात्राको खोप लगाएका छन्। दोस्रो मात्रा खोप लगाउनेको सङ्ख्या पाँच लाख १४ हजार २५३ पुगेको छ।

## प्रतिनिधिसभा विघटन अजरानीतिक : अध्यक्ष दाहाल

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ जेठ**

नेकपा(माओवादी केन्द्र)ले नयाँ सरकार गठन हुने अवस्था कायम रहेको जिकिर गर्दै प्रतिनिधिसभाको विघटन गरी नयाँ निर्वाचनको मिति तोकिएकामा आपत्ति जनाएको छ।

सो पार्टीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले शनिबार विज्ञप्ति जारी गरी प्रतिनिधिसभाका १४९ जना सदस्यको हस्ताक्षरसहित नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवालाई नयाँ प्रधानमन्त्रीमा दाबी गरिएको उल्लेख गरेका छन्। संविधानको धारा ७६ (५) बमोजिम नयाँ प्रधानमन्त्रीा दाबी गर्ने दुवै पक्ष (केपी शर्मा ओली र देउवा) को आधार बलियो नभएको भन्दै आज राष्ट्रपति विद्यादेवी भण्डारीले आगामी कार्त्तिक २६ र मङ्सिर ३ गते निर्वाचनको मिति तोकेकी छन्।

अध्यक्ष दाहालले प्रतिनिधिसभाको विघटनविरुद्ध उभिन सबै राजनीतिक दल तथा नागरिक समाजलाई आग्रह गर्दै मुलुक कोरोना महारमारीबाट आक्रान्त भएको अवस्थामा सबैको ध्यान महामारी नियन्त्रणमा हुनेपर्नेमा पनि जोड दिनुभएको छ। यसैगरी विभिन्न राजनीतिक दल सम्बद्ध युवा संगठनले प्रतिनिधिसभाको विघटनको विरोध गरेका छन्।

राष्ट्रपतिको आव्हानकै आधारमा तोकिएकै समयमा सभापति देउवालाई प्रधानमन्त्रीमा प्रस्ताव गर्दै १४९ संसदले दाबी पेश गरेको भन्दै उनीहरूले सरकारले संवैधानिक संकट निम्त्याएको आरोप लगाएका छन्। विरोध गर्नेमा नेपाल तरुण दलका अध्यक्ष जितजंग बस्नेत, वाइसिएलका अध्यक्ष रामप्रसाद सापकोटा, युवा संघ नेपालका नरेशकुमार शाहीलगायत छन्।

## पर्यटन व्यवसायीलाई खोप उपलब्ध गराउन माग

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ जेठ**

कोरोना महामारीको दोस्रो भेरियन्टका कारण जनजीवन निकै प्रभावित बनिरहेको जनाउँदै सरकारबाट यथाशीघ्र खोप व्यवस्थापन गरेर नागरिकको जिउ ज्यान बचाउन पोखरा पर्यटन परिषद्ले सरकारलाई ध्यानाकर्षण गराएको छ।

परिषद्ले विज्ञप्ति जारी गर्दै अहिलेको अवस्थामा सरकारले नागरिकको स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेर नागरिकको बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्न परिषद्को माग छ। परिषद्ले महामारीले पर्यटन क्षेत्रलाई प्रत्यक्ष र दीर्घकालीन असर प्रभाव पारेको जनाउँदै पर्यटन क्षेत्रलाई सुरक्षित राख्न यथासक्य छिटो यस क्षेत्रका पर्यटन व्यवसायी कर्मचारी र मजदुरलाई खोप लगाउने व्यवस्था मिलाउन पनि सरकार समक्ष आग्रह गरेको छ।

## परिवर्तन नेपालले गरिब तथा विपन्नलाई खाद्यान्न वितरण गर्न सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ जेठ**

भ्रष्टचार बिरुद्ध आवाज उठाउदै आएको परिवर्तन नेपालले पोखरामा राहत वितरण गर्न सुरु गरेको छ।

कोरोनाको यो महामारीमा पोखरामा हाल निषेधाज्ञा समेत जारी भएकोले यो अबस्थामा बिहान र बेलुका दात भात खान समस्या भएका गरीब तथा बिपन्न बर्ग, अशहायक, अशक्त व्यक्तिहरुलाई लक्षिय गरी शनिबारदेखि राहत वितरण गर्न सुरु गरीएको कार्यक्रम संयोजक खेम तिमिल्सिनाले बताए। संस्थाले हाल पहिलो चरणमा संस्थामा आबद्ध युवाहरुबाटै संकलन भएको करिब ८० हजार बराबरको राहत वितरण गर्न सुरु गरीएको उनले जनाए।

संस्थामा करिब एक सय भन्दा बढी सदस्यहरु आबद्ध भएको बताएका तिमिल्सिनाले कोरोनाको यो महामारीमा जो कसैले भोकै बस्न नपरोस भन्ने उद्धेश्यले आफुहरुले खाद्यान्न अभियान संचालन गरेको संयोजक तिमिल्सिनाले बताए। सम्बन्धित वडा कार्यालयसंगको समन्वयमा आवश्यकताको आधारमा हाल आफुहरुले प्रति परीवार १० केजी चालम, दाल, नुन तेल, आलु लगायतका एक हजार मुल्य बराबरको खाद्या बस्तु उपलब्ध गराउन सुरु गरिएको उनले जनाए।

सरकारले सवै क्षेत्रमा ध्यान पुग्न नसकेको अबस्थामा महामारीमा आफुहरुले जे सकिन्छ त्यही काम गर्ने अभियान स्वरुप हाल राहत वितरण गर्ने अभियानमा जुटेको तिमिल्सिनाले बताए। विपदको वेला केही ओठमा हाँसो दिन सकिन्छ भनेर आफुहरुले निषेधाज्ञा जारी रहुन्जेल उक्त अभियानलाई निरन्तरता दिने भएको उनले जनाए। दोश्रो चरणमा अन्य सहयोग दाता देखि विदेशबाट समेत सहयोग आउने भएको तिमिल्सिनाले बताए। पविर्तन नेपालले पोखरा महानगरपालिका वडा नम्बर १ बाट शनिबारदेखि खाद्यान्न सामाग्रि वितरण गर्न सुरु गरीएको संयोजक तिमिल्सिनाले बताए। पोखरा १ का वडा अध्यक्ष शारदा पराजुलीको उपस्थितीमा कस्केली टोल विकास समितिको समन्यमा कस्केली टोलमा ५० घर परिवारलाई राहत वितरण गरिएको उनले जनाए। संस्थाले केही दिन अघि पोखराका केही वडाहरुमा निःशुल्क रुपमा कोरोनाको पिसिआर परिक्षण गराएको थियो। पोखरा १८, २४ र २५ वडामा करिब २ सय ५० जनाको पिसिआर परिक्षण गरिएको छ भने अब केही वडामा समेत पिसिआिा परिक्षण गरिने भएको परिवर्तन नेपालका अध्यक्ष डा.ढाकाकुमार श्रेष्ठले बताए।

संस्थाले निशुल्क स्वास्थ्य शिविर समेत सांलन गर्दै आएको छ। खाद्यान्न अभाव भएमा कार्यक्रम संयोजक खेम तिमिल्सिना (९८५६०१५०१६), सहसंयोजक अभिमन्यु पाण्डेलाई ९८५६०८३५८७ सम्पर्क गर्न सकिने भएको छ।

## एमालेका एघार पूर्वसांसदलाई स्पष्टीकरण सोधिने

**रासस**
**काठमाडौं, ८ जेठ**

नेकपा (एमाले)ले पार्टीका ११ निवर्तमान सांसदलाई स्पष्टीकरण सोध्ने निर्णय गरेको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा शनिबार बसेको स्थायी कमिटी बैठकले आफ्नो दलका अध्यक्ष केपी शर्मा ओलीलाई प्रधानमन्त्रीबाट हटाउन विपक्षीसँग मिलेर हस्ताक्षरमा संलग्न भएको आरोप उनीहरुलाई लगाएको छ। एमालेका प्रवक्ता प्रदीपकुमार ज्ञवालीले पार्टी नेता माधवकुमार नेपाल, झलनाथ खनाल, भीमबहादुर रावल, कल्याणी खड्का, रामकुमारी झाँक्री, सरला यादव, मुकुन्द नेपाल, पुष्पाकुमारी कर्ण, कलिला खान, नीरादेवी जैरु र लक्ष्मीकुमारी चौधरीसँग स्पष्टीकरण सोध्ने निर्णय गरिएको जानकारी दिए। स्पष्टीकरणका आधारमा पार्टीले थप निर्णय गर्ने बताइएको छ। जवाफ यही जेठ १० गतेभित्र पेश गर्न भनिएको छ। उहाँले कम्युनिष्ट पार्टीलाई कमजोर बनाउन र आफ्नो सरकार गिराउन विपक्षीसँग गरिएको साँठगाँठबारे गम्भीरतापूर्वक छलफल गरिएको बताए। नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा सिफारिश गर्न एमाले नेपाल पक्षका २६ सांसदले हस्ताक्षर गरेका थिए। 'आफ्नो पार्टीका प्रधानमन्त्रीलाई हराएर त्यसका ठाउँमा कांग्रेसका सभापति देउवालाई प्रधानमन्त्री बनाउन हस्ताक्षर लिएर जाने कुरा अनुमान नै गर्न नसकिने थियो,' उनले भने, 'देशभरि पार्टी एकताका लागि आवाज उठिरहेको छ। कार्यदलले काम गरिरहेको थियो तर फेरि आफ्नै प्रधानमन्त्रीविरुद्ध पार्टीका साथीहरुले हस्ताक्षर गर्नुभयो।'

यसअघि पनि पार्टीका केही नेतासँग स्पष्टीकरण सोधिएको थियो। तीमध्ये नेपाल, रावल, घनश्याम भुसाल र सुरेन्द्रप्रसाद पाण्डेलाई कारवाही गरिएकामा केही दिनअघि भएको स्थायी कमिटी बैठकले फुकुवा गरेको थियो। पार्टी कार्यदलले समस्या समाधान गरिरहेका अवस्थामा पार्टीकै नेताका कारण फेरि समस्या आएको उनको भनाइ थियो। उनले गत वैशाख २७ गते संसदमा अनुपस्थित भएर केही साथीहरुले जुन गल्ती गरे फेरि त्यो गर्नुहुन्न भन्ने प्रधानमन्त्रीलाई लागेको उनले बताए। पार्टीले कोरोना भाइरसविरुद्धको लडाइँमा आफ्नो ध्यान केन्द्रित गर्ने निर्णय पनि गरेको छ।



# नेपाल सुनचाँदी व्यवसायी महासंघ गण्डकी प्रदेशद्वारा कोभिड-१९ हेल्प डेस्क स्थापना

पोखरापत्र संवाददाता
पोखरा, ८ जेठ

नेपाल सुनचाँदी व्यवसायी महासंघ गण्डकी प्रदेश कार्यसमितिको आठौं बैठकले कोभिड -१९ हेल्प डेस्कको स्थापना गर्ने निर्णय गरेको छ।

अध्यक्ष चन्द्रकिशोर गौतमको सभापतित्वमा भर्चुअल बैठक वसी यस प्रदेशका व्यवसायीहरुलाई कोभिड -१९ ले पारेको असरका बारेमा छलफल गरी प्रदेशमा रहेका सुनचाँदी व्यवसायीहरुलाई सकेसम्म सहयोग पुराउने उद्देश्यले हेल्प डस्क स्थापना गरिएको बताइएको छ । वैठकमा आमन्त्रित नेपाल सुनचाँदी व्यवसायी महासंघका बरिष्ठ उपाध्यक्ष अर्जुन रसाइलीले गण्डकी प्रदेशले गरेको कार्य सहानीय रहेको बताए । यसका लागी नेपाल सुनचाँदी व्यवसायी महासंघले आर्थिक नैतिक भौतिक सबै सहयोग गर्न तयार छ, उनले भने । सवै प्रदेशले गण्डकी प्रदेशको कार्यको सिको गरेर स्वास्थ समस्यामा परेका आफ्ना व्यवसायीलाई सहयोग गर्नुपर्ने बताए। नेपाल सुनचाँदी व्यवसायी महासंघका निर्वतमान अध्यक्ष मोहन सुनारले जहिले पनी यस प्रदेशका कृयाकलाप राम्रा र सेवा मुलक, शिक्षा मुलक रहेको बताए। कोरोना भाइरसको दोस्रो भेरियन्टले समस्या परेका व्यवसायीहलाई स्वास्थ सम्बन्धी सहयोग गर्ने उनले बताए । व्यवसायीहरुको ज्यान बचाउनु ठुलो कुरा हो र यस कार्यको लागि मैले जुनसुकै सहयोग मन खुलेर गर्नेछु, उनले भने।

महासंघका सचिव बाबुराम विश्वकर्माले आजदेखेको मान्छे भोली नदेखिने अवस्था छ । यो अवस्थालाई कसरी सुरक्षित हुन सकिन्छ । राज्यले गरेको सुरक्षा प्रबन्धका साथै सचेत रहन सवैलाई अनुरोध गर्दै सवै जिल्ला अध्यक्ष पदाधिकारीलाई यस क्षेत्रमा सहकार्य गर्न अनुरोध गर्दै आगाडी बढ्नुपर्ने बताए । त्यसैगरी महासंघका सचिव केश बहादुर सुनारले जस्तै कठिनलाई पनि मिहेनत गरे सफल भइन्छ यस प्रदेशले वडो मिहिनेत गरेर कालिगढ सम्बन्धी तालिम चलाएको थियो कोभिड -१९ ले त्यो पनि सार्न बाध्य बनायो यो बेला कमाउने मात्रै होइन समाज सेवा गर्नु ठुलो पुण्यको काम भएको बताए । उपाध्यक्ष दुर्गा बहादुर सुनारले सवैसँग समन्वयकारी भुमिका खेली कार्य अगाडी बढाउन आग्रह गरे।

बैठकमा गण्डकी प्रदेशबाट केन्द्रिय सदस्य राजेन्द्र विश्वकर्मा , अमर घताने, हरि बहादुर विश्वकर्मा, तेज बहादुर सुनार, कृष्ण सुनार, गोविन्द सुनार ,सुदेशचन्द्रराज भण्डारी,मानकाजी घमाल लगायतले यस कार्यको सह्राना गर्दै आर्थिक रुपमा सहयोग गर्ने बचन दिए। बैठकले १९ सदस्यीय सल्लाहकार समिति ,१९ सदस्यीय सचिवलय समेत १०१ सदस्यीय कोभिड -१९ हेल्प डेस्क स्थापना गरेको छ। यसबाट गण्डकी प्रदेशका सुनचाँदी व्यवसायीहरुलाई कोभिड -१९ को समस्या देखिएमा एम्बुलेन्स सेवा, अस्पताल सेवा, अक्सीजन शिलिण्डर, औषधी, डाक्टर स्वास्थ सामाग्रीको आवश्यकता अनुसार सहयोग पुऱ्याउने योजना रहेको छ। प्रदेशको जुन सुकै ठाउँको विरामी देखिएपनी सक्दो सहयोग पुऱ्याई सुविधा युक्त अस्पतालमा पुऱ्याउने लक्ष्यका साथ काम अगाडी बढाइएको सभापति यस कार्यका संयोजक चन्द्रकिशोर गौतमले सचिवालयका सदस्यहरु, जिल्ला अध्यक्षहरु, आर्थिक समिति सदस्यहरु जहाँ जे जसरी सहयोग गर्न सकिन्छ । त्यसरी सहयोगमा जुट्न आग्रह गर्दै कोभिडलाई जसरी पनी परास्त गर्न आग्रह गरे।

कार्यक्रममा महासंघका अध्यक्ष लगायत पदाधिकारी र सवै जिल्लाका संक्रमित व्यवसायीहरुलाई स्वास्थ लाभको कामना गरिएको थियो । कोभिडबाट दिवंगत हुने यस प्रदेशका सदस्य ओम बहादुर विश्वककर्मा ,महासंघको निर्वतमान उपाध्यक्ष ज्ञानुराज शाक्य, कर्मचारी सुनलि श्रेष्ठ, कृष्णमान गुभाजू यस क्षेत्रका ज्ञात अज्ञात व्यवसायीहरुलाई श्रद्धाञ्जली सहित परिवारजनमा समवेदना प्रकट गरीएको थियो। कार्यक्रममा स्वागत उपसभापति कृष्ण बहादुर विश्वकर्माले गरेका थिए भने महासंघका पदाधिकारी ,सदस्य एवं यस समितिका पदाधिकारी सदस्यहरुलाई धन्यवाद ज्ञापन सभापति चन्द्रकिशोर गौतमले गरेका थिए।



भारी बिसाउदैंः आफ्नो छोराको साथमा दाउराको भारी बोकेर एक महिलाले भारी बिसाउन खोज्दै । कास्कीको माछापुच्छ्रे गाउँपालिका छेवाङ्की आइती राईले आफ्नो ३ वर्षको छोरा निप्सन राईलाई काँखमा च्याप्दै दाउराको भारी बोक्दै हिड्दै गरेकी छन्। तस्विरः पोखरापत्र

रक्तदान जीवनदान
जीवनदान महादान

# गण्डकी प्रदेशमा २१ जनाको मृत्यु, ५१४ थप संक्रमित

पोखरापत्र संवाददाता
पोखरा, ८ जेठ

पोखराका अस्पतालहरुमा उपचाररत २० जना र १ जनाको होमआइसोलेसनमा गरी गण्डकी प्रदेशमा २१ जना कोरोना संक्रमितहरुको मृत्यु भएको छ । मृतकहरु मध्ये २० जनाको पछिल्लो २४ घण्टामा र १ जनाको जेठ ४ गते मृत्यु भएको हो।

मृतकहरु कास्की जिल्लाका ११ जना, स्याङ्जाका ६ जना, म्याग्दी जिल्लाका १ जना, पर्वतका १ जना, तनहुँ जिल्लाका १ जना र रुपन्देही जिल्लाका १ जना रहेको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ । निर्देशनालयका अनुसार प्रदेशमा कोरोना संक्रमणबाट निधन हुनेको संख्या ५१४ पुगेको छ। पछिल्लो २४ घण्टामा कास्की जिल्लामा थप ५१ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। शनिबार कास्कीमा २१ जना पुरुष तथा ३० जना महिला गरी ५१ जनामा कोरोना भाइरस देखिएको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ। पछिल्लो २४ घण्टामा प्रदेशमा १ हजार २५० जनाको नमुना परीक्षण गरिएकोमा थप ५२३ जनामा कोरोना पोजेटिभ देखिएको विज्ञप्ति मार्फत निर्देशनालयले उल्लेख गरेको छ । कास्कीका ५१ सहित म्याग्दीका १०४ जना, स्याङ्जाका ८० जना, बाग्लुङका ६ जना, पर्वतका १ जना, तनहुँका ५६ जना, गोरखाका ५५ जना, लमजुङका ३२ जना र नवलपुरका १३८ जना गरी प्रदेशका नौ जिल्लामा २६६ पुरुष तथा २५७ जना महिलामा कोरोना पुष्टि भएको हो। योसँगै गण्डकी प्रदेशमा कोरोना संक्रमितको कुल संख्या ३३ हजार ६३६ पुगेको छ। पछिल्लो २४ घण्टामा २७४ जना निको भएसँगै प्रदेशमा संक्रमणमुक्त हुनेको संख्या २३ हजार ६८ पुगेको छ।

# प्रतिनिधिसभा विघटनप्रति सभामुखको गम्भीर ध्यानाकर्षण

रासस
काठमाडौं, ८ जेठ

सभामुख अग्निप्रसाद सापकोटाले प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिद्वारा गरिएको प्रतिनिधिसभाको विघटनलाई असंवैधानिक र अलोकतान्त्रिक कदमको संज्ञा दिँदै त्यसप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउनुभएको छ।

सभामुख सापकोटाले आज जारी गर्नुभएको विज्ञप्तिमा भन्नुभएको छ "यो कदम २०७७ पुस ५ को प्रतिनिधिसभा विघटनविरुद्ध ६७ दिनसम्म गरिएको संवैधानिक, कानुनी र राजनैतिक संघर्षको भावना एवं सर्वोच्च अदालतको संवैधानिक इजलासको २०७७ फागुन ११ गतेको फैसलाको विपरीत देखिन्छ।"

उहाँले सर्वोच्च अदालतको फैसलामा भनिएजस्तै 'अन्य विकल्प हुँदा हुँदै कसैको इच्छा वा आत्मनिष्ठ रूपमा देखेको आवश्यकताका आधारमा आवधिक चुनाव बाहेकको अवस्थामा जनतालाई समेत आर्थिक दायित्वपर्ने गरी प्रतिनिधिसभा विघटन गरिनु संविधानको मर्म र उदेश्य नहुँदा त्यस्तो कार्य संविधान सम्मत हुँदैन' उल्लेख भएको स्मरणीय रहेको उल्लेख गर्नुभएको छ । संविधानको धारा ७६ (५) अनुसार वैकल्पिक सरकार गठनका लागि आधार पेश भइसकेको अवस्थामा प्रधानमन्त्री नियुक्त गर्ने विकल्प रहँदा रहँदै सार्वभौम प्रतिनिधिसभा विघटनको निष्कर्षमा पुग्नु कदापि स्वाभाविक र संवैधानिक कदम मान्न सकिने अवस्था नरहेको सभामुखको भनाइ छ । राष्ट्रपति कार्यालयबाट २०७८ जेठ ७ गते जारी विज्ञप्ति नेपालको संविधान, राजनीतिक दल सम्बन्धि ऐन २०७३ र प्रतिनिधिसभा नियमावली २०७५ ले गरेको व्यवस्थासँग मेल नखाएको भन्दै सभामुखले ती विषय शक्ति पृथकीकरण, सन्तुलन र नियन्त्रणको सिद्धान्तविपरीत भएको बताउनुभएको छ।

सभामुखले विज्ञप्तिमा भन्नुभएको छ "कोभिड-१९ महामारीको भयावह परिस्थिति भोगिरहेका नागरिकका लागि यसको रोकथाम, नियन्त्रण र उपचार सर्वाधिक प्राथमिकताको विषय हो तर नयाँ राजनीतिक संकटले मुलुकको प्राथमिकता बदलिने र महामारीबाट नागरिकको जीवन थप जोखिममा पर्ने खतरा बढाउने छ।

# बिरामी खोज्दै जनप्रतिनिधि र स्वास्थ्यकर्मी गाउँगाउँमा

पोखरापत्र संवाददाता
वालिङ, ८ जेठ

यहाँका जनप्रतिनिधि र स्वास्थ्यकर्मी कोरोना सङ्क्रमित बिरामी खोज्दै दैनिक गाउँगाउँमा जाने गरेका छन् । विश्वव्यापी महामारीका रूपमा तीव्रगतिमा फैलिरहेको नयाँ भेरियन्टसहित कोभिड-१९ को सङ्क्रमण उच्च भएका बेला वालिङका जनप्रतिनिधि स्वास्थ्यकर्मीसहित गाउँगाउँमा पुगेर उपचार गरिरहेका छन् । वालिङमा कोरोनाको सङ्क्रमणदर उच्च रहेको र गाउँगाउँका नागरिकमा अझ बढी समस्या देखिएको नगरप्रमुख दिलीपप्रताप खाँणले बताउनुभयो।

"गाउँगाउँमा सङ्क्रमणदर झनै उच्च छ, कोरोनाका लक्षणसँग मिल्ने बिरामी धेरै हुनुहुन्छ", उहाँले भन्नुभयो, "गाउँगाउँबाट लौ यस्तो समस्या देखियो, बिरामी धेरै हुनुहुन्छ भनेर फोन आउँछ अनि जनप्रतिनिधिसहितको स्वास्थ्यकर्मीको टोली गाउँगाउँमा पुग्छौँ ।" गाउँमा पुगेर आवश्यकता हेरी एन्टिजेन परीक्षण गर्ने, ज्वरो नाप्ने, अक्सिजनको मात्रा नाप्ने, आवश्यक पर्ने औषधि दिनुका साथै उहाँहरूलाई परामर्श दिने गरिएको उहाँले बताउनुभयो। नगरपालिकाले नगरका १४वटै वडामा रहेका आफ्ना नागरिकलाई स्वास्थ्यसम्बन्धी समस्या हुँदा जुनसुकै बेला अस्पतालसम्म ल्याउनका लागि 'हाइअलर्ट'मा एम्बुलेन्स र अन्य जीप तयारी अवस्थामा राखेको उहाँले बताउनुभयो । "गाउँगाउँमा रहेका नागरिकलाई स्वास्थ्यसम्बन्धी समस्या देखिनासाथै जतिबेला पनि फोन गर्नुहोला भनेर अत्यावश्यक नम्बर दिएर छाडेका छौँ", उहाँले भन्नुभयो, "राति १/२ बजे पनि फोन आउँछ, लौ यो ठाउँमा फलानालाई श्वासप्रश्वासमा समस्या देखियो गाडी एम्बुलेन्स पठाइदिनुपऱ्यो।"

समस्या भएका बिरामीलाई रातदिन नभनी वालिङस्थित गह्रौँ प्राथमिक अस्पतालमा ल्याएर उपचार गर्ने गरिएको छ । नगरपालिकाले गाउँमा स्वास्थ्य परीक्षण तथा औषधि वितरणका लागि दुईवटा टोली गठन गरेर सेवा दिइरहेको स्वास्थ्य शाखा प्रमुख एवं जनस्वास्थ्य निरीक्षक कमलप्रसाद पाण्डेले बताउनुभयो । नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडाका अध्यक्ष तथा सदस्य जनप्रतिनिधि गाउँगाउँमै सँगै जाँदा स्वास्थ्यकर्मी तथा बिरामीको हौसला बढ्ने गरेको प्रमुख पाण्डेले अनुभव सुनाउनुभयो । "गाउँगाउँमा बिरामी हुनुहुन्छ कतिपयले डर, त्रासका कारण आफूमा भएको समस्या लुकाएर राख्ने गर्नाले अर्को समस्या थपिएको छ", पाण्डेले भन्नुभयो, "रोग नलुकाई समयमै सम्पर्क गर्ने, औषधि खाने हो भने बिरामीको ज्यान बचाउन पनि सकिने र अरुलाई सर्ने क्रम पनि घट्ने थियो ।" स्याङ्जा जिल्लाका एघार पालिकामध्ये हालसम्म वालिङमा सबैभन्दा धेरै सङ्क्रमित रहेका छन्।

# संविधान रक्षाका लागि एकजुट हुन सभापति देउवाको आह्वान

पोखरापत्र संवाददाता
पोखरा, ८ जेठ


प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सङ्घीय लोकतान्त्रिक गणतन्त्र र नेपालको संविधानको रक्षाका लागि सबै लोकतन्त्रवादी शक्तिलाई एकजुट हुन आह्वान गरेका छन् । उनले शनिबार वक्तव्यमार्फत सङ्घीय लोकतान्त्रिक गणतन्त्र र संविधानको रक्षार्थ राजनीतिक र न्यायिक लडाइँ लड्ने प्रतिबद्धतासमेत व्यक्त गरेका छन्।

उनले एकपटक प्रतिनिधिसभाबाट विश्वासको मत लिन असफल भई संसद्मा स्पष्ट अल्पमतमा परिसक्नुभएका र अर्को पटक बहुमत देखाउन नसक्ने स्वयं घोषणा गरिसक्नुभएका प्रधानमन्त्री केपी शर्मा ओलीलाई पुनःप्रधानमन्त्री नियुक्त गरिएकामा आपत्ति जनाउँदै संविधानको व्यवस्था र भावनानुसार प्रधानमन्त्री ओलीले प्रधानमन्त्रीका लागि दावी गर्न नसक्ने जिकिर गरेका छन् । उनले त्यस्तो दावीलाई स्वीकार गरी पुनः उनलाई नै प्रधानमन्त्री तोक्ने कार्य असंवैधानिक भएको आरोप लगाएका छन् । राष्ट्रपति र प्रधानमन्त्रीले नेपालको संविधान समाप्त गर्न उद्दत रहेको आरोप पनि उनले लगाएका छन्।

कोभिड-१९ को संक्रमण फैलन नदिन सम्पूर्ण उद्योग, व्यापारिक एवं व्यावसायिक फर्म, डिपार्टमेन्टल स्टोर, बिक्री केन्द्र एवं पसलहरुले बस्तु तथा सेवाको उत्पादन, प्रशोधन, ढुवानी तथा बिक्री वितरण लगायतका कार्यहरु गर्दा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले स्वीकृत गरेको कोभिड-१९ महामारीको समयमा उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रले अपनाउनुपर्ने सुरक्षा मापदण्ड (Protocal) अनिवार्य पालन गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# धमाधम बन्न थाले अस्थायी कोभिड अस्पताल

-नवीन लामिछाने

मनाङ, ८ जेठ (रासस)

मनाङमा कोरोना सङ्क्रमितको सङ्ख्या बढ्न थालेपछि स्थानीय तहले अस्पतालको निर्माण गर्न थालेका छन् । मनाङको चामे गाउँपालिकाका ११ जनामा सङ्क्रमण देखिएपछि गाउँपालिकाले रु १५ लाखको लगानीमा १० शय्याको अस्थायी कोभिड अस्पताल निर्माण गरेको छ ।

विसं २०७२ को भूकम्पले जीर्ण भएको जिल्ला अस्पतालको पुरानो भवनमा पर्याप्त ठाउँ नहुँदा उपचारमा कठिनाइ भेल्दै आएका यहाँका सर्वसाधारणले अब भने सहजरूपमा उपचार पाउने भएका छन् । प्रदेश सरकारको रु १९ करोड लगानीमा जिल्ला अस्पतालको नयाँ भवनको निर्माण कार्य भइरहेको हुँदा गाउँपालिकाले जिल्ला खेलकुदको कवर्ड हललाई अस्थायी कोभिड अस्पतालको रूपमा प्रयोग गरेको गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेले जानकारी दिनुभयो । हाँका अनुसार यस अस्पतालमा १० वटा आइसोलेसन कक्ष निर्माण गरिएको छ । सङ्क्रमितहरूको थप उपचारमा सहयोग गर्न रेडक्रससँग सहकार्य गरेर निःशुल्क एम्बुलेन्स सेवा सञ्चालनमा ल्याइएको उहाँले बताउनुभयो ।

जिल्ला अस्पतालमा बिरामीको चाप हुनसक्ने भन्दै गाउँपालिकाले आफ्नै लगानीमा १० शय्याको अस्थायी अस्पताल बनाएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नरबहादुर चन्दले बताउनुभयो । गण्डकी प्रदेश सरकारले उपलब्ध गराएको भेन्टिलेटर जनशक्ति अभावमा सञ्चालन गर्न सकिएको छैन । हाल सञ्चालनमा नआएको भेन्टिलेटर गाउँपालिकाले सञ्चालन गर्ने तयारीसमेत थालेको छ । यस अस्पतालले एमडिजिडिपी गरेका डाक्टरको अभावमा थन्किएको सो भेन्टिलेटर र अक्सिजन सञ्चालनका लागि करारमा चिकित्सक नियुक्ति गर्ने प्रक्रिया पनि अघि बढाएको छ । चार स्थानीय तह रहेको यस जिल्लामा तीन पालिकामा केभिड अस्थायी अस्पताल निर्माण भएपनि कर्मचारी अभावका कारण सञ्चालनमा आउन सकेका छैनन् । नासो गाउँपलिकाले वडा नं. ५ मा रहेको स्वस्थ्य चौकीलाई कोभिड अस्पतालको रूपमा प्रयोग गर्दै आएको छ भने अन्य पालिकाले पनि स्वास्थ्य चौकीलाई कोभिड अस्पतालको रूपमा प्रयोग गरेका छन् ।

मनाङमा २० वटा अक्सिजन कन्सन्ट्रेटर मेसिन, ठूलो सानो गरी २९ अक्सिजन सिलिण्डर रहेको छ भने हालसम्म ११ वटा खपत भइसकेको स्वास्थ्य कार्यालयले जनाएको छ । जिल्ला अस्पतालमा हाल आठ वटा कन्सन्ट्रेटर र आठ ठूला सिलिण्डर रहेको छ भने पाँच वटा साना रहेका छन् । अस्पतालमा दुई वटा खपत हुने गरेको थियो भने बिरामी बढ्दै गएमा सबै उपयोग गर्न सकिने अवस्था रहेको छ ।

चामे गाउँपालिकामा दुई अक्सिजन कन्सन्ट्रेटर र दुई वटा सानो अक्सिजन सिलिण्डर रहेको छ । मनाङ डिस्याङ गाउँपालिकामा तीन वटा अक्सिजन कन्सन्ट्रेटर र १३ वटा सानो सिलिण्डर रहेको छ भने नौ वटा खपत भएको छ । नार्फु गाउँपालिकामा पाँच वटा अक्सिजन कन्सन्ट्रेटर रहेको छ । यस गाउँपालिकामा अक्सिजन सिलिण्डर भने छैन । नासों गाउँपालिकामा दुई अक्सिजन कन्सन्ट्रेटर र एउटा सानो अक्सिजन सिलिण्डर रहेको स्वास्थ्य कार्यालयले जनाएको छ ।

मनाङ हिमाली क्षेत्र भएकाले यहाँका प्रत्येक होटल तथा आधार शिविरमा अक्सिजन राख्ने गरिएको छ । यहाँ निकै उचाइ हुने भएकाले अक्सिजन कम भएको अवस्थामा उपयोग गर्न प्रायःजसो धेरैले अक्सिजनको व्यवस्थापन गरेका हुन्छन् । जिल्ला अस्पतालमा सात, चामेमा १०, मनाङ डिस्याङमा १३, नार्फु गाउँपालिकामा पाँच र नासों गाउँपालिकामा १२ गरी कुल ४७ शय्याको आइसोलेशन रहेको छ ।

# कोरोनाबाट मृत्यु हुनेको परिवारलाई १० हजार

पोखरापत्र संवाददाता

तनहुँ, ८ जेठ

तनहुँको व्यास नगरपालिकाले कोरोनाबाट मृत्यु हुने विपन्न परिवारलाई रु १० हजार उपलब्ध गराउने निर्णय गरेको छ ।

शुक्रबार बसेको कार्यपालिका बैठकले कोरोना सङ्क्रमणबाट मृत्यु हुने विपन्न परिवारलाई शवबाहन र काजकिरीया खर्चवापत जनही रु १० हजार उपलब्ध गराउने निर्णय गरेको हो । सम्बन्धित वडाको सिफारिशमा मृत्यु भएकाको परिवारलाई राहत दिने निर्णय भएको प्रवक्ता मोहनकुमार श्रेष्ठले जानकारी दिनुभयो । त्यस्तै कोभिड-१९ सङ्क्रमित भई उपचारत विपन्न एवं मजदुर परिवारलाई रु पाँच हजार उपचार एवं सुविधा उपलब्ध गराउने निर्णय भएको श्रेष्ठले बताउनुभयो ।

नगरपालिकामा हालसम्म ६१६ जनाको पिसिआर परीक्षण गरिएकामा ४३३ जनाको प्रतिवेदन आउँदा २९१ सङ्क्रमित भएका छन् । त्यसमध्ये १० जनाको मृत्यु भएको छ । त्यस्तै ५९ सङ्क्रमणमुक्त भएका छन् । दुई सय २२ जनाको सामुदायिक आइसोलेशन, दमौली अस्पताल, जिपी कोइराला श्वासप्रश्वास अस्पताल र होमआइसोलेशनमा उपचार भइरहेको छ ।

साथै १८३ जनाको रिपोर्ट आउन बाँकी रहेको नगरपालिकाले जनाएको छ । सबै पालिकाहरूको सहभगितामा गत वर्षको प्रतिबद्धताअनुसार व्यास-१० दुम्सीबजारस्थित आधारभूत स्वास्थ्य केन्द्र रहेको भवनमा पिसिआर परीक्षण प्रयोगशाला निर्माण गर्न भएको निर्णय बैठकले अनुमोदन गरेको छ । उक्त भवनमा खरिद ऐनअनुसार खरिद एवं निर्माण प्रक्रिया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय भएको छ ।

आगामी वार्षिक कार्यक्रममा नगरपालिकाको नगर अस्पताल स्थापना गर्ने र आफ्नै अक्सिजन प्लान्ट निर्माण गर्न विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग सहकार्यका लागि आह्वान गर्ने निर्णयसमेत बैठकले गरेको छ ।

# पूर्वमन्त्री भण्डारीद्वारा आर्थिक सहयोग

पोखरापत्र संवाददाता

तनहुँ, ८ जेठ

नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य शङ्कर भण्डारीले स्वास्थ्य सामाग्री खरिदका लागि रु एक लाख एक हजार एघार रुपैयाँ सहयोग गर्नुभएको छ ।

नेता भण्डारीले पठाउनुभएको उक्त रकम काङ्ग्रेस व्यासनगर कार्य समितिका सहसचिव डम्बर अधिकारीले शुक्रबार जिल्ला सचिव विश्व बास्तोला र सहसचिव केशबहादुर सुनारलाई संयुक्त रूपमा हस्तान्तरण गर्नुभएको हो ।

उक्त रकमबाट स्वास्थ्य सामाग्री खरिद गरी जिल्लाका विभिन्न अस्पताल र आइसोलेसन कक्षहरूमा सामाग्री हस्तान्तरण गर्न पूर्वमन्त्री भण्डारीले आग्रह गर्नुभएको छ । त्यसैगरी सांसद कृष्णकुमार श्रेष्ठ किसानले जिल्लाको बन्दिपुर स्थित बन्दिपुर अस्पताल, भानु स्थित पुरनडिही अस्पताल, दमौली स्थित दमौली अस्पताल र शुक्लागण्डकी स्थित जिपी कोइराला श्वास प्रश्वास उपचार केन्द्रमा अक्सिजन सिलिण्डर लगायतका स्वास्थ्य सामाग्री हस्तान्तरण गर्नुभएको थियो ।

# व्यानपामा कृषि, पर्यटन र पूर्वाधारमा उल्लेख्य प्रगति

-कृष्ण न्यौपाने

दमौली, ८ जेठ (रासस)

तनहुँको व्यास नगरपालिकाले जनप्रतिनिधि आएपछि कृषि, पर्यटन र पूर्वाधारमा उल्लेख्य प्रगति हासिल गरेको जनाएको छ । विसं २०७४ वैशाख ३१ गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट जनप्रतिनिधि निर्वाचित भएपछि नगरपालिकाले यस अवधिमा उक्त क्षेत्रमा प्रगति हासिल गरेको जनाइएको हो ।

चार वर्षको अवधिमा नगरवासीको माग र अपेक्षा बमोजिमका विकास निर्माण काम गर्न सफल भएको नगरप्रमुख वैकुण्ठ न्यौपानेले बताउनुभयो । "नगरवासीकोमूल्याङ्कन र धारणालाई हामीले गरेको कार्यको कसीका रूपमा लिएर बाँकी दश महिनाको कार्यअवधिमा समेत नगरवासीको सकारात्मकसुभावसहयोगअपेक्षा गरिएको छ",नगरप्रमुख न्यौपानेले बताउनुभयो ।

स्थानीय तहमा जनप्रतिनिधि आउनुअघि रू चार करोड ५० लाख आन्तरिक आय रहेको नगरपालिकाको यस वर्ष आन्तरिक आय बढेर रू २० करोड पुगेको छ । नगरप्रमुख न्यौपानेका अनुसार विकास निर्माणका पूर्वाधारहरू सडक, खानेपानी, वडा कार्यालय, स्वास्थ्य भवनहरू निर्माण, सेवा विस्तार, कृषि, पर्यटन र शैक्षिक क्षेत्र सुधारका लागि वडागत, नगरस्तरीय, प्रदेश र सङ्घ स्तरीय बजेट परिचालन गरिएको छ । चार वर्षको अवधिमा मानुङकोटको पर्यटन विकास, व्यास पराशर क्षेत्रको विकास(१०८ फुट मूर्ति निर्माण), मादी नदी एकिकृत विकास परियोजना, नारेश्वर ताल निर्माण, खड्गकाली मार्ग निर्माण, नगरपालिकाको बहुउद्देश्यीय भवन निर्माण, विश्व बैङ्कको लगानीका शहरी पूर्वाधार शासकीय सुधारका कार्यहरूका लागि सम्झौता, फोहरमैला व्यवस्थापन गर्ने लगायतका महत्वपूर्ण कार्यको थालनी भएको न्यौपानेले बताउनुभयो ।

सडक निर्माणतर्फ कालोपत्रे सडक निर्माण १६.८०, ग्राभेल सडक ४८.६८, कच्ची सडक ९८.४९तथा पक्की नाला ३६.९० किलो मिटर निर्माण सम्पन्न भएको छ । शिक्षातर्फ सत्यवती र निर्मल नमूना विद्यालय योजना कार्यान्वयनमा सहजीकरण, माध्यमिक विद्यालयहरूमा इहाजिरीको व्यवस्था, विद्यालय भवनको कोठा थप निर्माण एवं मर्मत, दश विद्यालयमा पुस्तकालयको व्यवस्था, नौ विद्यालयमा विज्ञान प्रयोगशालाको व्यवस्था, ५४ वटा विज्ञान, अङ्ग्रेजी र गणित सम्बन्धी किट्स खरिद, विद्यालयहरू विद्यार्थी अनुपातलाई आधारमानी गाभिएको छ भने दरबन्दी नभएका माविहरूमा केही दरबन्दीको व्यवस्थापन गरिएको नगरपालिकाले जनाएको छ ।

वातावरण तथा सरसफाईतर्फ कुहिने फोहोरबाट मल उत्पादन कार्यको थालनी, नकुहिने फोहोरलाई व्यास १ भतेरीमा व्यक्तिको जग्गा लिई व्यवस्थापन, व्यास ४ र १० मा फोहोर मैलाको दीर्घकालीन व्यवस्थापनका लागि वातावरणीय अध्ययनको कार्य सम्पन्न, सडक किनारा, सार्वजनिक स्थल आदिमा जिल्ला वन कार्यालयसँग सहकार्य एवं समन्वयमा विभिन्न प्रजातिका रुख विरूवाहरू वृक्षरोपण कार्य गरिएको नगरपालिकाले जनाएको छ । विद्युततर्फ काठेपोल विस्थापन कार्यक्रम सञ्चालन, विद्युत विस्तारका लागि व्यवस्थापन, उपभोक्ताले नै विद्युत महशुल तिर्ने गरी सडक बत्ती विस्तार, खानेपानीतर्फ एक घर एक धारा निर्माण अभियानलाई तीव्रता, डिप बोरिङ र लिफ्ट प्रणालीबाट खानेपानी विस्तार गरिएको छ भने ९० प्रतिशत नगरबासीमा सहज खानेपानी आपूर्ति गरिएको छ ।

स्वास्थ्यतर्फ वडा नं १,२,४,५,७,१० मा आधारभूत स्वास्थ्य केन्द्र भवन, खोप केन्द्र भवन निर्माण, शिशाघाट, बेलटारी, छिर्कनेमा स्वास्थ्य सेवा केन्द्र सञ्चालन, स्वास्थ्यचौकी, शहरी स्वास्थ्य केन्द्र भवन निर्माण, स्वास्थ्य संस्थामा जनशक्तिको पूर्ण रूपमा व्यवस्थापन गरिएको, आँखा शिविर अन्तर्गत ६० वर्ष माथिका ७७२ ज्येष्ठ नागरिकको निःशुल्क रूपमा आँखा जाँच गरी ४९ जनाको शल्यक्रिया गरिएको नगरपालिकाले सार्वजनिक गरेको विवरणमा उल्लेख छ ।

कृषि विकास कार्यक्रमतर्फ अर्गानिक तरकारी उत्पादनका लागि बिउ वितरण र तरकारी सङ्कलन केन्द्र निर्माण, हाट बजार सञ्चालनका लागि व्यास ३ मा १० कोठाको किसान बजार निर्माणाधिन, कृषि समूहलाई ८० प्रतिशत अनुदानमा २ ठूला ट्याक्टर खरिद, ५० प्रतिशत अनुदानमा ४५ वटा हाते ट्याक्टर खरिद एवं कृषकलाई वितरण, फलामे हलो वितरण, आलुको बीउ उत्पादनको लागि आलु प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको छ ।

पशु विकास कार्यक्रमतर्फ सहकारी मार्फत दुध उत्पादन बजारीकरणमा आधारित अनुदान प्रति लिटर रु एक कार्यक्रम सञ्चालन, सहकारी मार्फत खसी/बोका उत्पादन विक्रीमा आधारित कार्यक्रम प्रति के.जी रू दश अनुदान, व्यास ३ मा पशु बधस्थल निर्माण सम्पन्न भएका छन् । सहकारीतर्फ नगरपालिकामा रहेको विभिन्न टोल विकास संस्थाहरूमा छरिएर रहेको पूँजीलाई एकत्रित गरी एउटै छहारीमुनी रहने गरी गाउँनगर सहकारी बचत तथा ऋण सहकारी संस्था गठन गरीएको तथा अन्य सहकारीहरूको अनुगमन र नियमन गरिएको छ । त्यस्तै साभेदारी कोषको टोल विकास संस्था मार्फत ऋण लगानीमा निरन्तरता दिइएको छ भने उद्योग तथा पर्यटनतर्फ स्लेट ढुङ्गा, इटा उद्योगलाई व्यवस्थित रूपमा सञ्चालनका लागि कानुन निर्माण एवं कायान्वयन र नगरपालिका क्षेत्रभित्रका ९ वटा होमस्टेहरूको पूर्वाधार निर्माण एवं आवश्यक तालिम प्रदान गरिएको छ । त्यस्तै एकीकृत पर्यटकीय गुरू योजना, पर्यटकीय क्षेत्र समेटने गरी वृत्तचित्र तथा ब्रोसर, मानुङकोट पदमार्ग एवं पूर्वाधार, पुलिमराङ शहीद पार्क निर्माण, कालिका जङ्गल पार्क निर्माणमा सहयोग, तनहुँसुर दरबार निर्माण एवं मर्मतमा सहयोग, गलेखामकोट भ्यूटावर निर्माण, व्यासको १०८ फिट अग्लो मूर्ति निर्माण कार्यको थालनी, दमौली सेन्टर पार्क निर्माण थालनी, कर्लुङकोट कालिका मन्दिर र छाब्दी पर्यटन मार्ग निर्माण भएका छन् ।

खेलकूदतर्फ मानुङकोटदेखि पुलिमराङसम्म अल्ट्रा म्याराथन प्रतियोगिता सञ्चालन, व्यास गुफादेखि तनहुँसुर दरबारसम्म महिला खुल्ला हाफ् म्याराथन प्रतियोगिता सञ्चालन, राष्ट्पति रनिङ खेलकुद प्रतियोगिता सञ्चालन, अन्तर माध्यमिक विद्यालय मेयरकप छात्र फुटबल प्रतियोगिता, अन्तर माध्यमिक विद्यालय उपमेयरकप छात्रा फुटबल प्रतियोगिता सम्पन्न भएका छन् ।

सूचना तथा सञ्चारतर्फ सबै वडा कार्यालयमा इन्टरनेट सेवा जडान, सेवा प्रवाहको जानकारीका लागि डिजिटल नागरिक वडापत्र स्थापना एवं सञ्चालन, कर्मचारीहरूको दैनिक उपस्थिति नियमन गर्न ई-हाजिरीको व्यवस्था, हरेक वडा कार्यालयमा अडियो नोटिस वोर्ड स्थापना एवं सञ्चालन, नगरपालिकाको मोबाइल एप्लिकेशन सञ्चालन, हस्तलिखित घटना दर्ता सम्बन्धी दस्तावेजहरू कम्प्युटरकृत गर्न शुरूआत् गरिएको छ ।

कानुन न्यायतर्फ १९ ऐन, ८ नियमावली, ४० कार्यविधि, ६ निर्देशिका र ३ अन्य गरी ७६ वटा कानुन निर्माण गरिएको, न्यायिक समितिमार्फत उजुरीहरूको फैसला गर्ने गरिएको र वडामा मेलमिलाप केन्द्रको स्थापना गरिएको नगरपालिकाले जनाएको छ ।

यस्तै नगरपालिका बहुउद्देश्यीय प्रशासनिक भवन, नगरसभा हल, वडा नं.१,२,४, ५, ७, ९, १०,११ को वडा कार्यालय भवन निर्माण, वडा पहुँच मार्ग निर्माण अन्तर्गत पिच बाटो निर्माण एवं मर्मत, शहरी सौन्दर्य अन्तर्गत अनसन चौतारी लगायत मुख्य शहरी वडाहरूको चोक सुधार एवं निर्माण सम्पन्न भएका छन् ।

नगरपालिकाले यस अवधिमा दमौली सेन्टर पार्क अनसन चौतारी, चिन्टुटार रङ्गशाला, नारेश्वर ताल, १०८ फिट व्यासको मूर्ति निर्माण, एकीकृत मादी नदी विकास परियोजना, कमरेपानी खानेपानी योजना, ठिन हर्कपुर खानेपानी योजना लगायतका योजनाको गुरूयोजना तथा डिपिआर तयार गरेको छ ।

नगरपालिकाले एकीकृत मादीनदी विकास परियोजना गुरू योजना निर्माण एवं कार्यान्वयन, नारेश्वर ताल निर्माण, एकीकृत जग्गा विकास कार्यक्रम, मानुङकोट पर्यटकीय विकास कार्यक्रम, तनहुँसुर ऐतिहासिक पर्यटकीय कार्यक्रम, सहिद पार्क कालिका जङ्गलपार्क निर्माण, मासु तथा दुधमा आत्मनिर्भर कार्यक्रम लगायतलाई भावी कार्ययोजनाको रूपमा अगाडि सारेको छ ।

# सुनसान पदमार्ग, चिन्तित पर्यटन व्यवसायी

-जनक श्रेष्ठ

लमजुङ, ८ जेठ (रासस)

कोरोना सङ्क्रमणको जोखिम बढ्न थालेसँगै विश्व पर्यटन क्षेत्रमध्ये एक चक्रिय अन्नपूर्ण पदमार्ग सुनसान बनेको छ । गत वर्ष कोरोना सङ्क्रमणको केही जोखिम कम भएसँगै विस्तारै केही पर्यटक आउन थालेपनि यतिबेला कोरोनाको दोस्रो लहरको उच्च जोखिम र निषेधाज्ञाले जारी भएपछि पदमार्ग भन् सुनसान बन्न पुगेको हो ।

कोरोना सङ्क्रमणको पहिलो लहर कम हुँदै गएपछि दैनिकजसो दुइदेखि १० जनासम्म पर्यटक आउने गरेकामा कोरोना सङ्क्रमणको दोस्रो लहरको जोखिम बढ्न थालेपछि यतिबेला पर्यटक आगमन ठप्प भएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) पर्यटक जाँच केन्द्र धारापानीले जनाएको छ । यस कार्यालयका पर्यटन सहायक क्षेत्रबहादुर गुरुङले भन्नुभयो, "कोरोना सङ्क्रमणको जोखिम बढेपछि आउन थालेका पर्यटक नआएपछि पर्यटक आउने अपेक्षामा बसेको पर्यटन व्यवसायीहरू हेरेको हेरै भएका छन् ।" पर्यटकको चाप बढ्ने यस पदमार्गमा कोरोनाले प्रभावित हुँदा सन् २०२१ को हालसम्म ४७० जना मात्र पर्यटक आएको उक्त केन्द्रका पर्यटन सहायक गुरुङले जानकारी दिनुभयो ।

विगतमा अप्रिल महिनामा मात्र पाँच हजार पर्यटक आउने पदमार्गमा यतिबेला पर्यटक देखिन छोडेको उहाँको भनाइ छ । मर्स्याङ्दी गाउँपालिका-४ का पर्यटन व्यवसायी मेखबहादुर गुरुङले भन्नुभयो, "पर्यटक नआउँदा होटल व्यवसायीहरू मर्कामा पर्दै आएकामा दुई/चार महिनाबाट मात्र केही पर्यटक आउन थालेपछि पर्यटकको चाप बढ्ने र आम्दानी पनि राम्रो होला भन्ने अपेक्षामा थियौँ, तर पुनः कोरोना सङ्क्रमणको दोस्रो लहरको जोखिम बढेपछि चिन्ताले सताएको छ ।" यस क्षेत्रका होटल व्यवसायीको आम्दानीकै मुख्य स्रोत भनेकै पदमार्गमा आउने पर्यटक हो । पर्यटक नै नआएपछि व्यवसाय धान्ने त परकै कुरा, परिवारको जीवन धान्नलाई समेत समस्या पर्न थालेको उहाँको भनाइ छ । यस पदमार्गमा पर्ने सोही स्थानका पञ्चबहादुर गुरुङले भन्नुभयो, "अलिअलि पर्यटक पर्यटक आएपनि दुई/चार हजार रुपैयाँको मुख देख्न पाइरहेको थियो, तर अहिले त एक रुपैयाँ देख्न पनि रहर हुन थालेको छ ।" विगतमा दैनिक ५०/६० हजार रुपैयाँ आम्दानी हुने गरेको थियो, यतिबेला आम्दानी शून्य नै हुँदा जीवन कसरी चलाउने भन्नेमा चिन्ता बढ्न थालेको उहाँको भनाइ छ । केही पर्यटन व्यवसायीले पर्यटक आगमन हुन थालेपछि होटल व्यवसायलाई थप व्यवस्थित गर्दै करौँडौ लगानी गरेर पर्यटक भित्र्याउन कम्मर कसेर लागेका थिए । उनीहरू यतिबेला पर्यटक थप्प भएपछि थप निराश भएका छन् । यस पदमार्गमा हजारौँ पर्यटन व्यवसायीहरू रहेका छन् । अधिकांश पर्यटन व्यवसायीले अन्नपूर्ण पदमार्गमा आउने पर्यटककै भरमा जीवन चलाउँदै आएका छन् ।

पर्यटकहरू हिमाली, पहाडका दृश्य, उच्चपहाड, मनाङवासीको रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्नलाई यस पदमार्गको अवलोकन भ्रमणमा आउने गर्दछन् । मनाङबाट थुम्पापास गरी मुस्ताङ कोही पोखरा जानका लागि अन्नपूर्ण पदमार्गमा पर्यटकहरू आउने गर्छन् । अन्नपूर्ण पदमार्गको प्रवेशद्धार लमजुङमा पर्दछ । अन्नपूर्ण पदमार्गमा लमजुङ, मनाङ, मुस्ताङ, कास्की र म्याग्दी गरी पाँच जिल्ला जोडिएको छ ।

यस पदमार्गमा गत वर्ष अर्थात् सन् २०२० मा १ हजार ९७६ जना पर्यटक आएको धारापानीस्थित एक्याप केन्द्रले जनाएको छ । त्यस्तै, केन्द्रका अनुसार सन् २०१९ मा ३६ हजार ६४७ जना पर्यटक, सन् २०१८ मा २९ हजार ४८४ जना पर्यटक, सन् २०१७ मा २१ हजार ६८ जना पर्यटक पदमार्गमा आएका थिए । सन् २०२० मा समेत कोरोनाको प्रभावले पर्यटक न्यून आएको बताइएको छ । अहिलेकै अवस्था रहेमा यो वर्ष पनि पर्यटकको आवागमन न्यून हुने निश्चित छ ।

# कोभिड संकट व्यवस्थापन कोषमा नौ लाख

पोखरापत्र संवाददाता

तनहुँ, ८ जेठ

तनहुँ उद्योग वाणिज्य सङ्घको सक्रियतामा स्थापना गरिएको कोभिड सङ्कट व्यवस्थापन महाअभियान कोषमा रु.आठ लाख ९८ हजार ७२७ सङ्कलन भएको छ । कोभिड-१९ को दोस्रो लहरको नयाँ भेरियन्ट देखिएपछि सङ्घले स्वास्थ्य सामाग्री खरिद लगायतका क्षेत्रमा सहयोग गर्ने उद्देश्यले सो अभियान थालेको हो ।

यसअघि रु.आठ लाख ४२ हजार ७३७ सङ्कलन भएकोमा शुक्रबार मात्रै रु.५५ हजार नौ सय ९० थपिएको सङ्घका अध्यक्ष पविन्द्र कुमार श्रेष्ठले जानकारी दिनुभयो । सङ्घले थालेको अभियानमाव्यापारी,विभिन्नसंस्था, देश विदेशमा रहनुभएका नेपालीले खुलेर सहयोग गरेका कारण काम गर्न हौसला मिलेको अध्यक्ष श्रेष्ठले बताउनुभयो ।